प्रमाणीकरण मितिः २०७६ बैशाख २९ गते

# भरतपुर महानगरपालिका

## हाटबजार संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६

कार्यपालिकाबाट स्वीकृत मितिः २०७६ बैशाख १० गते

## हाटबजार संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६

**प्रस्तावनाः**

भरतपुर महानगरपालिका क्षेत्रभित्र संचालित हाटबजारमा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न तथा कृषि उपजको बजार सुनिश्चित गरी सुरक्षित, सफा र स्वच्छ हाटबजार निर्माण, संचालन र व्यवस्थापनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ११ ज. (२) को व्यवस्था कार्यान्वयन गर्न आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "हाटबजार संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६" हुनेछ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"महानगरपालिका"** भन्नाले भरतपुर महानगरपालिकालाई सम्झनु पर्छ ।

(ख) **"ऐन"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ग) **"कार्यविधि"** भन्नाले हाटबजार संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ सम्झनु पर्छ।

(घ) **"प्रमुख"** भन्नाले महानगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) **"संस्था"** भन्नाले यस कार्यविधि बमोजिम हाटबजार संचालन गर्ने निजी वा सामुदायिक संस्था वा सहकारी संस्था वा कृषक समुह सम्झनु पर्छ ।

(छ) **"शाखा"** भन्नाले महानगरपालिकाको कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखा सम्झनु पर्छ ।

(ज) **"समिति"** भन्नाले यस कार्यविधि बमोजिमको अनुगमन समिति सम्झनु पर्छ ।

प्रमुख

(झ) **"संचालक"** भन्नाले हाटबजार स्थापना, संचालन र व्यवस्थापनको लागि तोकिएको व्यक्ति वा संघ/संस्था वा समुदाय सम्झनु पर्छ ।

(ञ) **"कार्यालय"** भन्नाले महानगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

## परिच्छेद २

## संचालन प्रक्रिया

३. <u>संचालन गर्न सक्नेः</u> (१) यस कार्यविधि बमोजिम तोकिएको शर्त तथा मापदण्ड पूरा गरी कुनैपनि निजी क्षेत्र वा सामुदायिक संस्था वा सहकारी संस्था वा कृषक समूहले महानगरपालिका क्षेत्रभित्र हाटबजार संचालन गर्न सक्नेछ ।

तर निजी संस्थाले संचालन गर्ने हाटबजारको हकमा एक निजी संस्थाले महानगरको क्षेत्रभित्र एक भन्दा बढी हाटबजार संचालन गर्न पाउने छैन ।

४. <u>हाटबजार संचालन दर्ता तथा नवीकरणः</u> (१) हाटबजार संचालन गर्न इच्छुक संस्थाले महानगरपालिका क्षेत्रभित्र हाटबजार संचालन गर्नको लागि कार्यालयबाट अनिवार्यरुपमा स्वीकृति लिई दर्ता गरेर मात्र संचालन गर्नु पर्नेछ ।

(२) स्वीकृतिको लागि संचालकले अनुसूची १ बमोजिमका कागजात सहित महानगरपालिकाको सम्बन्धित वडा मार्फत कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखामा निवेदन र संचालन प्रस्ताव पेश गर्नु पर्नेछ ।

(३) निवेदन उपर कार्यविधिको परिच्छेद ३ बमोजिमको संरचना रहे वा नरहेको बुझी आवश्यक कागजात एवं प्राविधिक निरीक्षण प्रतिवेदन समेत संलग्न राखी शाखाले हाटबजार संचालन गर्न सक्ने वा नसक्ने विषयमा समितिको समेत सिफारिस लिई सम्पूर्ण कागजात सहित आवेदन गरेको सात दिनभित्र महाशाखा प्रमुख र महाशाखा प्रमुखले तीन दिनभित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(४) कार्यविधिको परिच्छेद ३ बमोजम मापदण्ड तथा शर्तहरु पूरा गरेको देखिएमा प्रमुख प्रशासकीय अधिकृतले हाटबजार संचालन स्वीकृति दिन सक्नेछ ।

(५) प्रत्येक बर्ष हाटबजार इजाजत पत्र नवीकरण गर्नु पर्नेछ । नवीकरण गर्दा संचालकले अनुसूची २ बमोजिमको ढाँचा तथा आवश्यक कागजात सहितको निवेदन शाखामा पेश गरी महानगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको शुल्क तथा कर बुझाउनु पर्नेछ।

## परिच्छेद ३

## संचालन मापदण्ड

५. <u>संचालन स्थान वा जग्गा:</u> (१) हाटबजार संचालनको लागि न्यूनतम ५ कट्ठा खुल्ला जग्गा हुनुपर्नेछ ।

तर महानगरपालिका वा अन्य सरकारी निकायबाट अनुदान प्राप्त गर्नेको लागि न्युनतम १० कट्ठा खुल्ला जग्गामा संचालन भएको हुनुपर्नेछ ।

(२) हाटबजार संचालन गर्ने जग्गाको हकमा संचालकको आफ्नै स्वामित्त्वमा रहेको निजी जग्गा भएमा अनुसूची १ (आफ्नै निजी जग्गाको प्रावधान लागू हुने) बमोजिमको कागजात पेश गर्नु पर्नेछ । संचालकको आफ्नै निजी जग्गा नभए वा भाडामा लिइ संचालन गर्नुपर्ने भएमा जग्गाधनी र संचालकबीच कम्तिमा ५ वर्षको जग्गा भाडा सम्बन्धी करारनामा भएको हुनुपर्नेछ ।

(३) सार्वजनिक जग्गाको हकमा सम्बन्धित निकायबाट हाटबजार संचालनार्थ जग्गा प्राप्त गरी सम्बन्धित निकायसँग अनिवार्य करारनामा गरिएको हुनुपर्नेछ ।

(४) एक हाटबजार देखि अर्को हाटबजारबीचको दुरी कम्तिमा १ किलोमिटर हुनुपर्नेछ ।

(५) हाटबजार राजमार्ग भन्दा २०० मिटर र मुख्य सडक (हुलाकी सडक, रिङ्ग रोड र लिङ्करोड) भन्दा न्यूनतम १०० मिटर दुरी टाढा अवस्थित हुनुपर्नेछ ।

(७) हाटबजार विमानस्थल वा सामुदायिक वन वा मध्यवर्ती क्षेत्रको आसपासमा संचालन गर्नुपर्ने भएमा सम्बन्धित निकायको सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

६. <u>भौतिक संरचना:</u> (१) प्रत्येक हाटबजारमा हाटबजारको डिजाइन वा विन्यास (layout) अनुसूची ४ बमोजिमको नमूनामा तोकिएको मापदण्डको अधिनमा रही निर्माण गर्नु पर्नेछ । हाटबजार परिसरमा तोकिएभन्दा विपरित वा बढी संख्यामा संरचना निर्माण गर्न पाइने छैन ।

(२) टहरा निर्माण गर्दा प्रकोप प्रतिरोधी बनाउन फलामको पिल्लर र सी. जी. आई. को छाना लगाइनु पर्नेछ ।

(३) हाटबजार क्षेत्रभित्र स्वच्छ खानेपानीको उचित प्रबन्ध हुनुपर्नेछ ।

(४) हाटबजारमा हुने जनचापको आधारमा महिला र पुरुषको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गर्नु पर्नेछ ।

(५) हाटबजारको प्रत्येक स्टल तथा संरचना र खुल्ला क्षेत्रमा विद्युत तथा उज्यालोको उचित प्रबन्ध गर्नु पर्नेछ ।

(६) हाटबजारको सम्पूर्ण संरचना निर्माण गर्दा प्राविधिकको सहयोगमा आवश्यक स्लोपको व्यवस्था गरी पानी नजम्ने र ढलको उचित व्यवस्थापन सहित गर्नुपर्नेछ ।

७. **फोहोरमैला व्यवस्थापन र प्रदुषण नियन्त्रणः** (१) हाटबजारको फोहोरमैला व्यवस्थापन तथा प्रदुषण नियन्त्रणको कार्य संचालक आफैंले गर्नुपर्नेछ ।

(२) हाटबजार संचालनका क्रममा निस्किने कुहिने र नकुहिने फोहोरको अलग अलग संकलनको लागि १० स्टल बराबर ३२ लिटर क्षमता भएको ढक्कन सहितको अलग अलग डस्टविनको व्यवस्था गर्नु पर्नेछ ।

(३) हाटबजारले कुहिने फोहोर व्यवस्थापनको लागि कम्पोष्ट विन वा बायोग्याँस प्लान्ट जडान गर्न सक्नेछ ।

(४) नकुहिने फोहोरको व्यवस्थापनको लागि पुनः प्रयोग गर्न मिल्ने र नमिल्ने फोहोरको छुट्टाछुट्टै संकलन गरी महानगरपालिकाले तोकेको स्थानमा विसर्जन गर्नु पर्नेछ ।

(५) हाटबजार क्षेत्रभित्र होहल्ला र ध्वनि प्रदुषण गराउने उपकरणहरु प्रयोगको साथै हाटबजार सम्बन्धी सूचना सामाग्री तोकिएको स्थानमा बाहेक अन्य स्थानमा राख्न वा अनावश्यक पोस्टर, फ्लेक्स तथा विज्ञापन सामाग्री टाँस्न वा राख्न पाइने छैन ।

(६) हाटबजारमा प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गर्नु पर्नेछ ।

८. **वस्तु तथा सामाग्रीहरुको व्यवस्थापनः** (१) हाटबजारमा बिक्रीमा राखिने सामाग्रीहरु तरकारी, अन्नबाली, मासु लगायत पशुपंक्षीजन्य पदार्थ, लत्ताकपडा, भाँडाकुँडा, वीउविजन, ठेला प्रयोग गरी राखिने वस्तुहरु (फलफुल, खाजा तथा पक्वान) लगायतका सामाग्रीहरुको छुट्टाछुट्टै वा एकै प्रकारको व्यवसायलाई एकै लहरमा व्यवस्थापन गर्नु पर्नेछ ।

(२) बुँदा ८ (१) बमोजिम ठेला प्रयोग गरी राखिने वस्तुहरुको लागि समेत अनिवार्य रुपमा स्टलको प्रयोग गर्नु पर्नेछ ।

(३) माछा बेचविखनको लागि हाटबजारको पछाडिको निर्धारित कुना (Corner) का स्टलहरु प्रयोग गर्नुपर्नेछ । त्यस्तो स्थानको भूईं पक्कि ढलान गरिएको, माछा सफा गर्न सफा पानीको राम्रो प्रबन्ध सहित/निकासको व्यवस्था भएको हुनुपर्नेछ ।

(४) बिक्रीको लागि राखिने कृषि वीउविजनको हकमा नेपाल सरकारले पंजीकृत गरेको वीउविजन (Registered Variety Seeds) को मात्र प्रयोग गर्नु पर्नेछ ।

**स्पष्टीकरणः** माछा, मासु लगायत पकाएका सामाग्री हाटबजारमा राख्न निरुत्साहित गरिनेछ । हाटबजार क्षेत्रभित्र मदिरा, सुर्तिजन्य पदार्थ र अखाद्य वस्तुको प्रयोग, बिक्री वितरण तथा सेवन पूर्णरुपमा निषेध गर्नु पर्नेछ ।

९. <u>बिक्री वस्तु तथा सामाग्रीको अनुपातः</u> (१) हाटबजारको स्टलहरुमा राखिने सामाग्रीहरुमा कृषिजन्य र स्थानीय उत्पादन ८० (असी) प्रतिशत तथा अन्य तयारी सामाग्रीको अनुपात २० (बीस) प्रतिशतको हुनुपर्नेछ ।

(२) उत्पादकद्वारा नै बिक्री गर्ने कृषि उपज लगायतका अन्य सामाग्रीलाई प्राथमिकता दिनुपर्नेछ । कूल स्टल संख्याको कम्तिमा १० वटा स्टल यस्ता उत्पादकको लागि आरक्षित गर्नुपर्नेछ ।

(३) हाटबजारमा आइ. पी. एम. वा अर्गानिक कृषि उपजको लागि अनिवार्य रुपमा न्यूनतम दुईवटा स्टल निशुल्क उपलब्ध गराउनु पर्नेछ ।

१०. <u>कार्यालय व्यवस्थापन तथा सूचना प्रवाहः</u> (१) हाटबजार प्रवेशको स्थानमा हाटबजारको नाम तथा परिचय खुल्ने बोर्डको व्यवस्थाको साथै प्रत्येक टहरा, भवन तथा स्टलको संरचनामा नाम वा स्टल नम्बर प्रष्ट देखिने गरी राखुपर्नेछ ।

<u>स्पष्टीकरणः</u> हाटबजारमा कृषि उपजको हकमा अर्गानिक वा रासायनिक उत्पादन के हो प्रष्ट देखिने गरी Labeling र Packaging लाई प्रोत्साहन गरिनेछ ।

(२) हाटबजार क्षेत्रभित्र कम्तिमा पनि एकवटा कार्यालय कोठा र हाटबजार संचालन सम्बन्धी सूचना प्रवाह गर्न सूचना पार्टीको व्यवस्था गर्नुपर्नेछ ।

(३) हाटबजार संचालन हुने प्रत्येक दिन हाटबजारमा बिक्रीमा राखिने प्रत्येक कृषिजन्य उत्पादनको अधिकतम र न्यूनतम मूल्य खुलाई मूल्यसूची सूचना पार्टीमा टाँस गर्नुपर्नेछ ।

## परिच्छेद ४

## कर तथा शुल्क सम्बन्धी

११. **कर बुझाउने दायित्वः** हाटबजार सम्बन्धी सम्पूर्ण कर तथा शुल्क बुझाउने दायित्व संचालकको हुनेछ ।

१२. **हाटबजार दर्ता तथा नवीकरण शुल्कः** (१) हाटबजार दर्ता तथा नवीकरण शुल्क आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

१३. **बहाल विटौरी शुल्कः** (१) कार्यविधिको परिच्छेद ३ को बुँदा नं. ५ बमोजिम निजी जग्गा भाडामा लिई संचालन गर्नेको हकमा बहाल कर तथा सार्वजनिक वा ऐलानी जग्गाको हकमा आर्थिक ऐनमा तोकिए बमोजिम बहाल विटौरी कर संचालकले मासिक रुपमा महानगरपालिकामा दाखिला गर्नु पर्नेछ ।

१४. **स्टल बहाल प्रक्रियाः** (१) भाडा दर कायम गर्दा संचालकले स्टल रहने स्थान, विक्री गर्ने वस्तु तथा सामाग्री, विक्री कर्ता (उत्पादक स्वयम् वा व्यापारी) आदिको आधारमा भाडा दर निर्धारण गर्नसक्नेछ । यसरी स्टल भाडामा लगाउँदा संचालकले प्रत्येक विक्री कर्तासँग अलग अलग सम्झौता गर्नु पर्नेछ ।

**स्पष्टीकरणः** बहाल दर निर्धारण गर्दा कृषि उपज तथा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्नेगरी निर्धारण गर्नुपर्नेछ ।

१५. **बहाल करः** (१) सम्झौता बमोजिम कायम गरिएको बहाल (भाडादर) मा तोकिएको बहाल कर मासिक रुपमा संचालकले महानगरपालिकामा दाखिला गर्नु पर्नेछ ।

(२) सहकारी वा सामुदायिक संस्था वा कृषक समुह संचालक रहेको हाटबजारको हकमा महानगरपालिका, नगर कार्यपालिकाले निर्णय गरी कर बाहेकको अन्य शुल्क तथा अनुदान सम्बन्धी छुट्टै व्यवस्था गर्न सक्नेछ ।

प्रमुख

## परिच्छेद ५
## विविध

१६. <u>हाटबजार अनुगमन समितिः</u> (१) महानगरपालिकामा हाटबजार अनुगमन र नियमनको कार्य महानगरपालिकाको आर्थिक विकास समितिको संयोजक, सम्बन्धित वडाको वडा अध्यक्ष र राजश्व महाशाखाको कर्मचारी रहेको समितिले गर्नेछ । समितिले अनुगमन कार्य सहजताको लागि आवश्यकता अनुसार अन्य पदाधिकारीलाई समेत आमन्त्रण गर्न सक्नेछ ।

१७. <u>हाटबजार संचालक समितिः</u> (१) सामुदायिक संस्था वा सहकारी वा कृषक समुहबाट संचालन गर्ने हाटबजारको हकमा हाटबजार व्यवस्थापनको लागि संचालक स्वयंले एक हाटबजार व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(२) कार्यविधि बमोजिम तोकिएको मापदण्ड पुरा गरी हाटबजार संचालन तथा व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी संचालक समितिको हुनेछ ।

(३) व्यक्तिद्वारा संचालित हाटबजारको हकमा कार्यविधि बमोजिम हाटबजार व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी संचालक स्वयंको हुनेछ ।

१८. <u>संचालन गर्न नपाइनेः</u> (१) यस कार्यविधि विपरित हुने गरी हाटबजार संचालन गर्न पाइने छैन ।

१९. <u>हाल संचालनमा रहेका हाटबजार सम्बन्धमाः</u> (१) अनुमति प्रक्रिया बाहिर रहेका र हाल संचालनमा आइरहेका सबै हाटबजारहरुले कार्यविधि लागू भएको दुई महिनाभित्र कार्यविधि बमोजिम मापदण्ड पुरा गरी अनुमति लिई सक्नुपर्नेछ ।

(२) दुई महिनाको समय अपुग भई हाटबजार संचालकबाट अनुरोध भई आएमा महानगरपालिकाको अनुगमन समितिले एक पटक मात्रको लागि बढीमा एक महिनाको अवधि थप गर्न सक्नेछ ।

(३) सो अवधिभित्र तोकिएको मापदण्ड पुरा गरी अनुमती प्रक्रियामा नआएका हाटबजार संचालन गर्न महानगरपालिकाले रोक लगाउनेछ।

२०. <u>पुरस्कार, जरिवाना र दण्ड सम्बन्धी व्यवस्थाः</u> (१) कार्यविधिमा उल्लिखित मापदण्ड बमोजिम संचालन भइरहेका हाटबजारलाई प्रोत्साहन गर्न कार्यविधिको परिच्छेद ५(१६) बमोजिमको समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरी हाटबजारलाई अनुदान दिन वा सम्मान गर्न वा पुरस्कृत गर्न सक्नेछ ।

(२) अनुगमन समितिले अनुगमन गर्दा यस कार्यविधिमा तोकिएको मापदण्ड बमोजिम हाटबजार संचालन नभएको पाइएमा अनुगमन समितिको प्रतिवेदनको आधारमा प्रमुख प्रशासकीय अधिकृतले देहाय बमोजिम कारवाही गर्न सक्नेछः

(क) प्रथम पटकमा सुधारको लागि मौखिक वा लिखित सुझाव दिने,

(ख) लिखित सुझावको पालना नभए दोस्रो पटकको लागि नसिहत दिने र जरिवाना गर्ने,

(ग) तेस्रो पटकको लागि हाटबजार संचालनमा रोक लगाउने ।

२१. स्थानान्तरण संम्बन्धी व्यवस्थाः (१) संचालकले स्वीकृत स्थान भन्दा अन्यत्र हाटबजार स्थानान्तरण गर्नुपर्ने भएमा सम्बन्धित वडाको सिफारिस सहित शाखामा निवेदन दिई हाटबजार स्थानान्तरण गर्न सक्नेछ । यसरी स्थानान्तरण गरी संचालन हुने हाटबजारले समेत कार्यविधिमा तोकिएको मापदण्ड पूरा गरेको हुनुपर्नेछ ।

२२. हाटबजार संचालन खारेजीः संचालकले हाटबजारको नाममा रहेको सम्पत्ति र दायित्वको फरफारक गरी संचालन खारेजी गर्न सक्नेछ ।

२३. बाधा अड्काउ फुकाउः यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ आएमा प्रमुखले बाधा अड्काउ फुकाउन सक्नेछ ।

प्रमुख

## अनुसूची १
## अनुमतिको लागि निवेदनको ढाँचा

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
भरतपुर महानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
भरतपुर, चितवन ।

<u>विषयः हाटबजार संचालन अनुमति सम्बन्धमा ।</u>

प्रस्तुत सम्बन्धमा भरतपुर महानगरपालिका ............................................................................ मा ............................................................................द्वारा हाटबजार संचालन गर्नको लागि आवश्यक कागजात यसैसाथ संलग्न राखी अनुमतिको लागि अनुरोध गर्दछु/गर्दछौं ।

<u>संलग्न कागजात</u>

१. संचालन गर्ने व्यक्ति वा फर्मको परिचय खुल्ने कागजात
    - नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (संचालन गर्ने व्यक्ति सबैको)
    - संस्था दर्ता तथा नवीकरणको प्रमाण पत्र (संचालक संस्था भए)
    - संस्थाको विधान वा संस्था संचालन कार्यविधि (संचालक संस्था भए)
    - करचुक्ता प्रमाणपत्र (संचालक संस्था भए)

२. जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि (निजी जग्गाको हकमा)

३. करारनामा (जग्गा भाडामा लिई संचालन गर्ने भएमा)

४. सँधियारले स्वीकृत दिएको ......... सहित सम्बन्धित वडा तथा निकायको सिफारिस

५. पूर्वाधारको स्वीकृत डिजाइन

निवेदक

## अनुसूची २

## नवीकरणको लागि निवेदन ढाँचा

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
भरतपुर महानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
भरतपुर, चितवन ।

प्रस्तुत सम्बन्धमा मिति .......................... मा महानगरपालिकामा दर्ता भई संचालन भएको ..........(नाम)............................ हाटबजार संचालन निरन्तरताको लागि नवीकरण गरिदिनहुन अनुरोध छ ।

आवश्यक कागजात

१. सम्बन्धित वडाको सिफारिस
२. आयव्ययको विवरण वा लेखा परीक्षण प्रतिवेदन
३. सहकारीद्वारा संचालितको हकमा सहकारी तथा रोजगार प्रवर्द्धन शाखाबाट संस्था सक्रियताको सिफारिस ।

प्रमुख

निवेदक

अनुसुची ३

हाट वजार संचालन अनुमतिपत्रको ढांचा (अगाडि)

भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

# हाटबजार संचालन इजाजत पत्र

भरतपुर महानगरपालिका वडा नं .................. मा संचालन हुने ................................ हाटवजारलाई भरतपुर महानगरपालिका नगर कार्यपालिकाको हाट वजार संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम भरतपुर महानगरपालिका नगर कार्यपालिका अन्तर्गतको कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखामा अभिलेख राखी कार्यविधिको दफा ४ (४) बमोजिम् यो **इजाजत पत्र** प्रदान गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख

## अनुसुची ३

### हाटबजार संचालन अनुमतिपत्रको ढाँचा (पछाडि)

हाटबजारको नाम ............................................... संचालकको नाम ..................................

| आ. व. | नवीकरण शुल्क | रसिद नं | तिरेको मिति | अर्को नवीकरण गर्नुपर्ने मिति | नवीकरण गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रमुख

अनुसूची ४

हाटबजारको भौतिक संरचना एवं हाटबजारको विन्यास **(Layout)**

नमूना १




LAYOUT OF HAATBAZAR
AREA: 10 KATHHA
TOTAL NO. OF STALLS: 242
MODEL II

प्रमुख

## अनुसूची ४

## हाटबजारको भौतिक संरचना एवं हाटबजारको विन्यास (Layout)नमूना २




LAYOUT OF HAATBAZAR
AREA: 10 KATHHA
TOTAL NO. OF STALLS: 270
MODEL 1



प्रमुख

## अनुसूची ४

## हाटबजारको भौतिक संरचना एवं हाटबजारको विन्यास (Layout)नमूना ३




LAYOUT OF HAATBAZAR
AREA: 5 KATHHA
117
MODEL I

प्रमुख

अनुसूची ४

हाटबजारको भौतिक संरचना एवं हाटबजारको विन्यास (Layout)नमूना ३




LAYOUT OF HAATBAZAR
AREA: 5 KATHHA
MODEL 2

प्रमुख